मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
# सिराहा

फोनं. +९७७-०३३-५२०००८
ईमेलः vhlsec.siraha@gmail.com
वेबसाइटः vhlsecsiraha.p2.gov.np

प.सं. २०८२/०८३

## मत्स्यपालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/१२/०४)

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७)" तथा **'मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७६'** अनुरुप नयाँ पोखरी निर्माण कार्यक्र अधिकतम ५०% प्रतिशत लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक, समूह, सहकारी, नीजि फर्म, संस्थाहरुले तपसिलका कार्यक्रमका लागि देहायका कागजा सहित यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०८२/१२/१८) सम्म र अन्तिम दिन सार्वजनिक विदा भएको खण्डमा सोको भोलिपल्ट कार्याल कार्यालय समयभित्र सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आह्वान गरिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त भएका प्रस्तावहरु छनौटमा समावेश गरिने छैन। य सम्बन्धमा थप जानकारीका लागि कार्यालयको फोन नं. ०३३-५२०००८, ९८५२८३४८०३ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | जम्मा परिमाण | प्रति कार्यक्रम अधिकतम अनुदान रकम | कार्यालयबाट हुने अधिकतम साझेदारी प्रतिशत | कुल अनुदान रकम (रु. लाखमा |
|---|---|---|---|---|---|---|
| १ | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (आरक्षित कोटा १०%) | हेक्टर | १ | रु. १५ हजार प्रति कट्ठा | ५०% | ४५ |
| २ | मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रम (सर्वसाधारणको लागि ९०%) | हेक्टर | ९ | रु. १५ हजार प्रति कट्ठा | ५०% | |

**देहायः**

१. रु. १० को टिकट टाँस गरिएको फा.नं.२ अनुसारको आवेदन फाराम।
२. फा.नं.३ र फा.नं.३ क अनुसारको कार्ययोजना, कार्यक्रम सञ्चालन गर्ने स्थानको GPS बिन्दु (को-अर्डिनेट्स) अनिवार्य उल्लेख गर्नु पर्ने।
३. व्यक्तिको हकमा निजको र दर्ता भएका समूह, सहकारी, नीजि फर्म, संस्थाको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्ति अध्यक्ष, कोषाध्यक्ष र सचिवव नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, दर्ता भएका सहकारी, नीजि फर्म, संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि, लेर परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. प्रस्तावित मत्स्य पालन कार्यमा संलग्न हुने सगोलको परिवारका सदस्य तथा दर्ता भएका समूह सहकारी, फर्म, संस्थाका सो कार्यमा संलग्न हु सदस्यहरुले प्राप्त गरेका तालिम र शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु, समुह/समिति/सहकारी/नीजि फर्म/संस्थाको सम्बन्धित निकायमा द भएको प्रमाणको प्रतिलिपि, समुह/समिति/सहकारीको हकमा कार्यक्रम कार्यान्वयन प्रतिबद्धता सम्बन्धी आधिकारिक बैठकको निर्णय प्रतिलिपि।
५. लक्षित वर्ग (शहिद/वेपत्ता/द्वन्द्व पिडित परिवार, दलित/अन्य लिङ्गी/भिन्न प्रकारले सक्षम/महिला, आदिवासी/जनजाति/विपन्न गरिब) भए प्रमाण खु कागजात **(आरक्षित कोटा १०% को लागि)**।
६. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको मापदण्ड अनुसार जगगाको लालपुर्जा, मालपोत तिरेको रसिद तथा लिजमा लिएको जग्गाको जग्गा धनि पूर्जा र कम्ति ५ वर्षको लागि करारनामा/मन्जुरनामा (नोटरी पब्लिकबाट प्रमाणित)।
७. स्थानीय तह पशु सेवा शाखाको सिफारिस पत्र।
८. फा.नं.३ बमोजिम आवेदकको स्वघोषणा र प्रतिबद्धता। समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट विगत ३ वर्षमा अनुद नलिएको स्व-घोषणा पत्र ।
९. कार्यालयले आवश्यकता अनुसार माग गरे बमोजिमको अन्य आवश्यक कागजातहरु।

**द्रस्टव्य**

१. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
२. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**पुनश्चः** सम्बन्धित कार्यविधिहरू कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ (पहिलो संशोधन, २०७७)', **'मत्स्यपालनको लागि नयाँ पोखरी निर्माण कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि** २०७६ तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयको वेबसाईटः vhlsecsiraha.p2.gov.np बाट डाउनलोड गर्नु हुन अनुरोध छ।

शिव नारायण याद